# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

**नयाँ वर्ष २०७९ को शुभकामना सन्देश**

आजबाट नयाँ वर्ष २०७९ शुभारम्भ भएको छ। एउटा वर्ष बिदा गरी अर्को वर्षको स्वागत गर्ने यस सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख, शान्ति र समृद्दिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

प्राकृतिक स्रोत र साधनले भरिपूर्ण हाम्रो देश यसवर्षबाट ति साधनहरुको समुचित उपयोग गरी समुन्नत राष्ट्र निर्माण गर्न र अति कम विकसित राष्ट्रको अवस्थाबाट माथि उठाउन हामी सबैले साझा संकल्प गर्नुपर्छ। प्रत्येक प्रदेशको राजधानी वा उपयुक्त स्थानमा सुविधा सम्पन्न अस्पतालहरु, ठूला- ठूला जलविद्युत आयोजनाहरु, कृषि फार्महरु, प्राविधिक शिक्षालयहरु, सुविधायुक्त पर्यटकीय क्षेत्रहरु र उद्योगहरुको स्थापना गर्न सक्यौं भने मात्रै रोजगारीका अवसरहरु सृजना हुनेछन, उत्पादन वृद्दि हुनेछ, आयात विस्थापन भई निर्यात बढ्नेछ र देशको अर्थतन्त्रमा देखिएको संकटलाई सामना गर्न सकिनेछ। यस विषयमा संघीयदेखि सबै तहका सरकारहरुको ध्यानाकर्षण हुनु अत्यन्त जरुरी छ।

देशलाई आर्थिक,सामाजिक एवं राजनीतिक रुपमा प्रगतिको गोरेटोतर्फ लम्काउनका लागि हामी सबैले अहम भूमिका निर्वाह गर्नुपर्दछ। भित्ताहरुमा नववर्षको पात्रो झुण्डिनु प्रगतिको द्योतक हुन सक्दैन। यसका लागि अनुकरणीय अभ्याससहित आ-आफ्नो कर्मयात्रालाई सबै क्षेत्रबाट निरन्तरता दिइनुपर्दछ। नयाँ वर्षले राष्ट्र निर्माणको गतिलाई थप उचाईमा पुऱ्याउन सकोस्, जनअपेक्षा अनुसार कार्य सम्पादन हुन सकोस् र एउटा सम्पन्न राष्ट्र निर्माणको आाधार तयार गर्ने प्रेरणा प्राप्त होस् भन्ने अपेक्षा राख्दै पुन : एक पटक हार्दिक शुभकामना व्यक्त गर्दछु।

**२०७९ बैशाख १ गते विहिबार**

नेपाल सरकार प्रदेश प्रमुखको कार्यालय बागमती प्रदेश हेटौंडा, मकवानपुर

**यादव चन्द्र शर्मा**
**प्रदेश प्रमुख**